मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

**कर्मचारी (बालविकास संयोजक) आवश्यकता सम्बन्धी सुचना**

प्रकाशित मिति: २०८१।०४।१५

श्री मन्थली नगरपालिकाको सहकार्य तथा चाइल्डएड नेटवर्क फाउन्डेशन र सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा, ललितपुरको संयुक्त सहयोगमा सञ्चालन हुने "Community Health, Education and Skill Development Project-II" परियोजना अर्न्तगत यस नगरपालिकाका लागि **बालविकास संयोजक** पदमा खुला प्रतियोगितात्मक परिक्षाबाट सेवा करारमा कर्मचारी आवश्यकता भएको हुँदा यो सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस नगरपालिकाका कार्यालयमा तोकिएको योग्यता पुगेका इच्छुक उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ ।

| क्र.स. | विज्ञापन नं. | पद | माग संख्या | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | १।२०८१।०८२ | बालविकास संयोजक | १ | मन्थली नगरपालिका | |

**आवश्यक न्यूनतम योग्यता विवरण:**

**१. न्यूनतम शैक्षिक योग्यता:**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा शिक्षा शास्त्र वा अन्य विषयमा स्नातक उत्तीर्ण गरेको ।

**२.अनुभव:**

- बहुक्षेत्रीय (स्वास्थ्य, पोषण, सुरक्षा, उत्प्रेरणा, सहजीकरण प्रविधि र बालस्याहार आदि) कार्यक्रमका लागि कम्तिमा २ वर्ष अनुभव प्राप्त व्यक्तिलाई प्राथमिकता दिइनेछ ।
- प्रारम्भिक बालविकास सम्बन्धी नीति नियम तथा कार्यक्रम बारेमा जानकार हुनुपर्ने,
- स्थानीय योजना निर्माण र प्रक्रिया सम्बन्धी अनुभव र ज्ञान भएको हुनुपर्ने,
- अभिभावक शिक्षा, अभिभावक अभिमुखीकरण कार्यक्रम सम्बन्धी अनुभव भएको हुनुपर्ने,
- प्रारम्भिक बालविकास तथा एकीकृत प्रारम्भिक बालविकास सम्बन्धी राम्रो ज्ञान भएको,
- स्थानीय सरकार र सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी विभिन्न कार्यशाला र तालिम सञ्चालन गर्न सक्ने ।

**३.प्राथमिकता:** सम्बन्धित पालिकाको बासिन्दालाई प्राथमिकता दिइनेछ । सम्बन्धित पालिकामा उपयुक्त आवेदक नभएको खण्डमा नजिक पालिकाको हुनुपर्ने ।

**४. छनौट प्रक्रिया** : लिखित तथा मौखिक अन्तर्वार्ता (छोटो सुचीमा परेका उम्मेदवारलाई मात्र लिखित परिक्षामा समावेश गरिनेछ ।)

**५. दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात:** शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, र अनुभवको प्रमाणपत्रको प्रतिलिपि

**६. दरखास्त दिने स्थान: मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय** email : manthalimunedu@gmail.com मा तोकिएको अवधिभित्र पेश गर्नुपर्नेछ ।

**७. अन्य जानकारीका लागि मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**